"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

सू.नं. : १ नेपाल सम्वतः ११४६

## नि:शुल्क सीपमुलक तालिम संचालन हुने सम्बन्धी सूचना

प्रकाशित मिति :- २०८३/०५/०३

प्रस्तुत विषयमा सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुरको पत्र संख्या २०८३/०८४, च.नं. ४५ र मिति २०८३/०५/०१ को पत्रवाट श्रम बजारको मागमा आधारित नि:शुल्क छोटा अवधिको (३९० घण्टा/६५ दिन, तह १) पेशागत सीपमुलक तालिम यसैसाथ संलग्न पत्रको क.सं. ४ मा उल्लेखित विषयगत क्षेत्रहरुमा संचालन गर्ने भएको हुदाँ नि:शुल्क सीपमुलक तालिम लिन इच्छुक आमचोकवासी नागरिकहरुलाई आफू स्थायी बसोवास गरिरहेको वडा कार्यालयमा आफूले लिन चाहेको तालिमको क्षेत्र **(आवश्यक तालिमको क्षेत्र संलग्न पत्रमा उल्लेख भएको नभएमा उक्त तालिमले स्थानीय जनसमुदायमा उत्पादन, रोजगारी र आम्दानी बृद्धिमा कसरी योगदान गर्न सक्छ भन्ने निवेदन सहित नयाँ तालिम समेत माग गर्न सकिने)** उल्लेख गरी नागरिकताको प्रतिलिपी सहित संलग्न राखी मिति २०८३ भाद्र १७ गते भित्र निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

....................

(जनक वस्नेत)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

www.aamchokmun.gov.np
lto.aamchokmun@gmail.com
https://www.facebook.com/AamchokGaunpalikaBhojpur/
9852081336

CamScanner

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT)

# सुम्निमा बहुप्राविधिक शिक्षालय

पत्र संख्या: २०८३।०८४ मिति: २०८३।०५।०१

चलानी नं.: ४५ ने.स. ११४६

श्री भोजपुर नगरपालीका र सवै वडाहरु, भोजपुर
श्री षडानन्द नगरपालीका र सवै वडाहरु, भोजपुर
श्री पौवादुङ्मा गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री टेक्केमैयुङ गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री आमचोक गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री हतुवागढी गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री अरुण गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री रामप्रसादराई गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री साल्पासिलिचो गाउँपालीका र सवै वडाहरु, भोजपुर
श्री भोजपुर उद्योग बाणिज्य संघ, भोजपुर

श्री रोजगार शाखा

बिषय : तालीम सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा यस शिक्षालयले प्राविधिक तथा व्यवासायिक शिक्षा र तालीमको क्षेत्रमा विगतको एक दशक देखि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको यहाँहरुलाई विदितै होला । सदाझै शिक्षालयको शै.सं २०८३।०८४ को स्वीकृत नियमित बजेट कार्यक्रम अनुसार तपसिल अनुसारको विशेषताहरु भएको श्रम बजारको मागमा आधारित निःशुल्क छोटा अवधिको (३९० घण्टा/६५ दिन, तह १) पेशागत सीप मुलक तालीम सञ्चालन गर्नुपर्ने भएकाले के कस्तो पेशागत तालीमहरु सञ्चालन गर्दा स्थानिय जनसमुदायमा उत्पादन, रोजगारी र आम्दानी बृद्धि को प्रत्याभुति गर्न गराउन सकिन्छ ? लेखि पठाइदिनु हुन वा त्यहाँको आवश्यकतानुसार तालीम सञ्चालन गर्न सकिने भए सहभागिहरुको नामवली सहित तालीमको माग गरिदिनु हुन अनुरोध छ ।

..........................
डा.नविन चापागाईं
(शिक्षालय प्रमुख)

तपसिल (तालीमका विशेषताहरु)

१. तालीम निःशुल्क सञ्चालन गरिने (सहभागीहरुलाई हाजिरीका आधारमा दैनिक रु ५० को खाजा/भत्ता)
२. तालीम सहभागीहरु प्रत्येक तालीममा २०/२० जना हुनुपर्ने
३. तालीम पश्चात राष्ट्रिय सीप परीक्षण समितीवाट निःशुल्क सीप परीक्षण गराई सफल उमेद्वारलाई तह १ को प्रमाण पत्र दिलाइने (अन्तर्राष्ट्रिय मान्यता प्राप्त)
४. शिक्षालयमा सञ्चालन भएका लामो अवधीका नियमित कार्यकमहरुसँग सम्वन्धित छोटा अवधिका पेशागत सीप मुलक तालीमहरु सञ्चालन गरिने जस्तै कृषि वाली विज्ञान (सामुदायिक कृषि कार्यकर्ता, च्याउ उत्पादक, बेमौसमी तरकारी खेती, नर्सरी र गार्डेन सहायक, मौरी पालक आदि), पशु विज्ञान (ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, बाखा/कुखुरा पालक, डेरी, स्लटर हाउस टेक्निसियन आदि) र सिभिल इन्जिनियरिङ्ग (प्लम्बर, हाउस वायरिङ्ग, मेसन, टायल मार्वल फिक्चर आदि)
५. शिक्षालय व्यवस्थापन समिती र शिक्षालय सञ्चालन समितीको निर्णयानुसार वा परिषद् कोशी प्रदेश कार्यालयको भेनु भेरिफिकेशन अनुसार (शिक्षालय बाहिर तालीम सञ्चालन गर्दा) तालीम सञ्चालन गरिने छ ।

भोजपुर न.पा.- ०६, देउराली, भोजपुर, फोन: ०२९-४२०७१६ ईमेल: info@spi.edu.np & exam@spi.edu.np वेबसाइट: www.spi.edu.np

CamScanner